
# सबभन्दा प्यारो कुन?



Room to Read

# सबभन्दा प्यारो कुन?




लेखक Author

प्रज्ञा सिंह Pragya Singh

चित्राङ्कनकर्ता Illustrator

देवेन्द्र पाण्डे 'देवेन' Dewendra Pandey 'Dewen'

सम्पादक Editor

शान्तदास मानन्धर Shanta Das Manandhar



Room to Read

# सबभन्दा प्यारो कुन ?

*Which is the favorite one ?*


| | |
|---|---|
| लेखक<br>Author | प्रज्ञा सिंह<br>Pragya Singh |
| चित्राङ्कनकर्ता<br>Illustrator | देवेन्द्र पाण्डे 'देवेन'<br>Dewendra Pandey 'Dewen' |
| सम्पादक<br>Editor | शान्तदास मानन्धर<br>Shanta Das Manandhar |
| मुद्रक<br>Printer | एपोलो अफसेट प्रेस (प्रा.) लि., काठमाडौँ<br>Apollo Offset Press Pvt. Ltd. |
| कलर सेपरेसन<br>Color Separation | प्रिन्ट प्रोसेस (प्रा.) लि., काठमाडौँ<br>Print Process Pvt. |
| संस्करण<br>Edition | पहिलो, १५,००० प्रति, वि.सं. २०६७<br>First, 15000 copies, 2010 |
| भाषा<br>Languages Published in | नेपाली<br>Nepali |
| GSD ID | NP-LLP-10-0004 |

यस किताबको प्रकाशन स्थानिय समुदाय, रुम टु रिड तथा एल्सा र डेविड ब्रुलेको सहयोगमा भएको हो। यो किताब नेपालका बालबालिकाहरू प्रति समर्पित गरिएको छ। उनीहरूका पठन प्रतिको लगन बढोस् र नेपालका कथाहरू सधैँ साहित्य र कलाको क्षेत्रमा सुनियोस्।

This book was published through the cooperation of the local community with Room to Read and Elsa and David Brule. It is dedicated to all the children of Nepal. May their love of reading grow and the stories of Nepal continue to be told in Literature and Art.



रूम टु रीड पोस्ट बक्स नं. २११०३, काठमाडौँ, नेपाल, फोन ५५५३९८७, फ्याक्स ५५४७५२०


Room to Read Post Box 21103, Kathmandu, Nepal. Phone: 5553987, Fax: 5547520,
email: nepal@roomtoread.org web: http://www.roomtoread.org


Room to Read seeks to transform the lives of millions of children in developing countries by focusing on literacy and gender equality in education. Working in collaboration with local communities, partner organizations and governments, we develop literacy skills and a habit of reading among primary school children, and support girls to complete secondary school with the relevant life skills to succeed in school and beyond.

Copyright © 2010 by Room to Read. All rights reserved.

## प्रकाशकको भनाइ

यो किताप प्राथमिक तथा निम्न–माध्यमिक तहका विद्यार्थीहरूका लागि भनी तयार पारिएको हो । “सबभन्दा प्यारो कुन ?” नाउँको यो परिकथा रामको कोठाका खाट, ओछ्यान, तकिया, सिरक, टेबुल–लैम्प र डायरीका बीच मैं ठूलो मैं राम्रो भन्ने विषयमा भएको चर्काचर्कीको कथा हो । हानथापको क्रममा तिनीहरूले ऐनाबाट सुझाउ पाउँछन् । त्यसैमुताबिक चलेर तिनीहरूले आफूबारेको वास्तविकता थाहा पाउँछन् र त्यसपछि तिनीहरूबीच अनावश्यक विवादहरूको अन्त्य हुन्छ । कथाकारले रमाइलो ढङ्गले कथा बुनेको छ । कथा अन्त्यसम्म कौतुहलपूर्ण छ । आशा छ, हाम्रा पाठक भाइबहिनीहरूले यस कथालाई मन पराउनुहुनेछ ।





रामको सानो कोठा थियो। कोठामा एउटा खाट थियो र त्यसमाथि आरामदायी ओछ्यान थियो। ओछ्यानमाथि नरम तकिया थियो र खाटैमा न्यानो सिरक पनि थियो। कोठाभित्र आउनेबित्तिकै राम खाटनजिकैको टेबुललैम्प बाल्ने गर्थ्यो। अनि ऊ सानो डायरीमा दिनभरिको कुरा सम्झँदै टिप्थ्यो। त्यसपछि दिनभरिको थकाइ मार्थ्यो भनौँ ऊ मजाले मनभरिको नीँद निदाउँथ्यो।

एक रात अबेर भइसक्दा पनि राम आफ्नो कामबाट फर्किसकेको थिएन। कोठामा रहेका उसका खाट, ओछ्यान, तकिया, सिरक, लैम्प र डायरी उसलाई पर्खिरहेका थिए। रामको प्रतीक्षामा रहेका तिनीहरू आपसमा कुरा गर्न थाले।





कुरैकुरामा ओछ्यानले तकियालाई सुनाउने जस्तो गरी अलि ठूलै स्वरमा भन्यो, “राम अहिले कामबाट फर्कँदै होला। जहाँसुकै होस् उसले मलाई नै सम्झिरहेको हुनुपर्छ किनभने ऊ आउनेबित्तिकै मेरै सरण पर्ने गर्छ। वास्तवमा यस कोठाका वस्तुहरूमध्ये म उसको सबभन्दा बढी प्रिय हुँ!”

तकियाले ओछ्यानको कुरा सुनिरहन सकेन। उसले उत्निखेरै ओछ्यानको भन्दा चर्को स्वरमा भनिहाल्यो, “कुरा के भने दिनभरिको कामले थकित भएको राम आउनेबित्तिकै तपाईं ओछ्यानमाथि पल्टिने कुरा त साँचो हो तर मेरो भर नपाईकन उसले थकाइ मार्नै सक्तैन। उसले आफ्नो शिर ममाथि राखेपछि उसले बल्ल आरामको सास फेर्थ्यो। यो कुरा तपाईंले देख्नुभएको छ कि छैन ? भन्नोस् त। त्यसैले यस कोठाका सबै वस्तुहरूमध्ये सबभन्दा बढी प्रिय म हुँ!”




ओछ्यानमाथि रहेको तकियाभन्दा अलि पर पल्टिरहेको सिरकले बिस्तारै तर दरो स्वरमा भन्यो, "तपाईंहरू के बकबक गर्दै हुनुहुन्छ। हो, राम आउनेबित्तिकै ओछ्यानमा पल्टिन्छ अनि तपाईं तकियाको भरमा आफ्नो टाउको थमाउने गर्छ तर तपाईंहरूले देख्नुभएको छ कि छैन, मलाई नओढीकन रामले कहिल्यै साँचो आराम पाएको छ त ? भन्नोस् त। तपाईंहरू यो कुरा किन बझ्नुहुन्न। हेर्नोस्, रामका प्रिय वस्तुहरूमा म सबभन्दा बढी प्रिय हुँ!"





तिनीहरूको कुरा सुनिरहेको टेबुललैम्पले खित्का छोड्दै हाँसेर भन्यो, "तपाईंहरू आफैँ आफ्नो गुनगान गर्नु हुँदो रहेछ । यो राम्रो कुरा हैन, बुझ्नुभो ? अरूको गुण नदेख्नेको ठम्याइले जहिले पनि धोखा खान्छ । हेर्नोस्, रामजी कोठाभित्र पस्दा उसले तपाईंहरूलाई देख्नुभन्दा पहिले मेरो सहारा लिने गर्छ । वास्तवमा दिनभरि काम गरेर लखतरान भई फर्केको उसले यस कोठामा लिने आराम मबाट नै थालिन्छ । अब तपाईंहरू आफैँ भन्नोस्, रामले कसलाई सबभन्दा पहिले सम्झन्छ, मलाई कि तपाईंहरूलाई ? सबभन्दा पहिले सम्झिने म कि तपाईहरू ? त्यसैले म सबभन्दा बढी प्रिय हुँ !"



एक छिन कोठामा सुनसान भयो । कसैले केही बोल्न सकेको थिएन तर सुनसानलाई चिर्दै डायरीका पानाहरूले फररर आवाज निकाल्दै आफ्नो कुरा राख्यो, "तपाईंहरूको कुरा मैले सुनेँ । तपाईंहरूको कुरा रमाइलो त छ तर सही भने छैन, एक रत्ति छैन । लौ हेरौँ न, रामजी कोठाभित्र पस्नेबित्तिकै बत्ती बाल्ने गर्छ यो कुरा हो । त्यसपछि ओछ्यानमा पल्टिन्छ । तकियाको सहारा लिन्छ र न्यानो सिरक ओढ्छ तर यसको अर्थ तपाईंहरू रामका प्रिय वस्तु हुनुहुन्न, एक हुनुहुन्न, दुई हुनुहुन्न, तीन हुनुहुन्न । किन भन्नु होला ?

"लौ भन्नोस्, रामले तपाईंहरू कसैलाई आफ्नो मनको कुरा सुनाउनुहुन्छ ? ऊ आफ्ना मनका कुरा मेरा पाना पानामा लेख्ने गर्छ। हेर्नुस्, यसरी ऊ आफ्नो मनको कुरा मलाई नसुनाईकन सुत्नै सक्तैन, सुत्दै सुत्दैन। त्यसैले म भन्छु, तपाईंहरूभन्दा सबभन्दा बढी म प्रिय हुँ!"

डायरीको कुरा सुनेर एक छिन त सबै अक्क न बक्क भए तर कोभन्दा को कमको यस संसारमा को चूप लाग्छ र ? तँ तँ र म म को वाक्-युद्ध फेरि चल्न थाल्यो र काल्लकुल्लले सिङ्गै कोठा गुन्जियो।



कोलाहल मच्चिएको कोठाको भित्तोको आडमा उभिरहेको ऐनाले सबैलाई सम्बोधन गर्दै भन्यो, "हेर मित्रहरू हो, तपाईहरूमा मैँ ठूलो भन्ने रोग लागेको रहेछ, त्यसैले यो झगडा चुलियो।"

सबैले एकै पल्ट भने, "हैन, तपाईंले के भन्न खोज्नुभएको ?"

"मैले भन्न खोजेको के भने तपाईंहरू सबैले म नै रामको प्रिय छु भनिरहनुभएको छ। भन्दैमा त भएन नि। प्रमाणित गरेर देखाउनु पऱ्यो नि । कसो ?" ऐनाले बिस्तारै मधुरो स्वरमा भन्यो। त्यसपछि सबै चूप लागे।





लामो सुस्केरा हालेर तकियाले सोध्यो, "अब हामीले यो काम कसरी गर्नु पर्ला त ?"
"उपाय त किन नहुनु तर मेरो कुरा तपाईंहरूलाई चित्त बुझ्ला नबुझ्ला......?" ऐनाले भनूँ नभनूँ गरेर भन्यो।
सबैले सबैको अनुहार हेरे त्यसपछि ऐनातर्फ फर्केर तकियाले भन्यो,
"भन्नुस्, तपाईंको उपाय के हो ?" तकियाले ऐनासित अनुरोध गरिरहँदा सबैले ऐनातर्फ फर्केर हेरे।


"मेरो विचारमा तपाईं रामको प्रिय हुनुहुन्छ भने रामले तपाईंलाई बारबार सम्झनेछ, तपाईंलाई खोज्ने छ, हैन र ? तपाईंले म प्रिय छु मात्र भनेर त भएन नि। अब यो कुरा जान्न के गर्नु पर्ला त ? मेरो विचारमा तपाईंहरू अहिले जहाँ जसरी हुनुहुन्छ त्यहाँ त्यसरी नभएर अन्तै र अर्कै रूपमा हुनुहुँदा पनि उसले तपाईंलाई नै खोज्छ भने अनि तपाईं उसको प्रिय हुनुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ," ऐनाले यो कुरा आफ्नो कुरा सुनिरहेका सबैतिर हेर्दै बडो नम्रतापूर्वक राख्यो।

ऐनाको कुरा सुनिरहेका तिनीहरूले परस्परमा हेराहेर गरे।






सबभन्दा पहिले टेबुललैम्प अघि सरेर भन्यो, “मलाई तपाईंको कुरा चित्त बुझ्यो। कुरा के पक्का हो भने रामले मलाई साँच्चै मन पराएको हो भने म जतासुकै र जस्तोसुकै भए पनि मलाई खोज्नेछ र आफूसित राख्न खोज्नेछ। त्यसैले म अब एक पल्ट काम नलाग्ने भएर रहन्छु, त्यस बेला उसले के गर्छ, हेर्छु र वास्तविक कुरो फेला पार्छु।”



त्यसपछि तकियाले भन्यो, “म पनि त्यसरी नै हेर्छु। हेर्नोस्, म उसलाई आनन्द दिने आफूभित्रका नरम सिमले कपास जत्ति सबै झिकेर राख्छु, अनि उसले के गर्छ हेरेर थाहा पाउँछु, साँचो कुरा के हो।”

सिरक र ओछ्यानले त केही पनि नबोलीकन एकैपल्ट नजिकैको टेबुलमाथि राखिएको पानीको भाँडोलाई आफूतिर तानेर ह्वात्त घोप्टचाए र दुवैले एकैसाथ भने, "हामी पनि हेछौँ, हामीमध्ये रामका लागि सबभन्दा बढी को प्रिय रहेछ भन्ने खास कुरो थाहा पाउँछौँ ।"





अहिलेसम्म चूप लागेर बसेको डायरी एकाएक ठडियो र आफ्ना पानाहरू छरपस्ट हुने गरी आफैँ यताउति हुर्रियो र भन्यो, “म पनि हेर्छु र थाहा पाउँछु, रामले मलाई माया गरेर यी सबै पानाहरू आफैँ बटुलेर संगाल्छ कि संगाल्दैन।”

साँझपख राम आएको थाहा पाउनेबित्तिकै सबै आआफ्नो ठाउँमा गएर थपक्क बसे ।



कोठाभित्र पस्नेबित्तिकै रामले टेबुललैम्प बाल्न खोज्यो । टेबुललैम्प भने बलेन तर रामले तुरुन्तै टेबुलको घर्राबाट मैनबत्ती झिकेर बाल्यो र टेबुललैम्पलाई यस्सो पनि हेरेन ।

मैनबत्तीको उज्यालोमा दिनभरिको परिश्रमले थकित रामले आफ्ना ओछ्यान र सिरक, तकिया अनि डायरी बेथितिमा रहेको देख्यो तर तिनप्रति कुनै ध्यान दिएन ।






रामले हाइ काढ्यो र मनमनै भन्यो, आ...सब छरपस्ट रहेछन्, आज भइहाल्यो, भोलि सफा गर्नुपर्ला, यति भन्दा नभन्दै ऊ भुइँमा ओछ्याइएको राढीमा पल्ट्यो र मस्तसित सुत्यो ।

ऐनाले यी सब कुरा हेरिरहेको थियो । ऐनाले ओछ्यान, तकिया, सिरक, टेबुललैम्प र डायरी सबका सब जिल्लिएर रामलाई हेरिरहेको पनि देख्यो । तिनीहरूमध्ये कसैले पनि ऐनातिर यस्सो पनि हेर्न सकिरहेका थिएनन् ।





राढीमा पल्टेर मस्तसित सुतिरहेको रामलाई हेरेर वास्तवमा तिनीहरूले आफू के हुन् भन्ने कुरा राम्ररी थाहा पाए। तिनीहरूले यो अवसर भनौँ उपाय जुटाइदिने ऐनालाई हृदयदेखि धन्यवाद दिइरहेका थिए।



खुसीको कुरा, त्यसको भोलिपल्टदेखि तिनीहरूका बीच कुनै खाले कचकच भएन।

“सबभन्दा प्यारो कुन ?” रामको कोठामा रहेका खाट, ओछ्यान, तकिया र अरू सरसामानहरूको कथा हो । मिलेर बसेका तिनीहरूमा एक दिन अनावश्यक रूपमा सबभन्दा बढी को प्यारो भन्ने कुरा चल्छ र सामान्य कुरोमा पनि तँ तँ र म म चल्छ । त्यसपछिको रमाइलो के के भयो त ? सब कुरा थाहा पाउन कथा पढेर हेरौँ ।

After Ram left for work one day, an argument broke out in his bedroom. The comfortable mattress, the warm blanket, the soft pillow—which was Ram’s favorite? Or, was it the lamp with its light or the diary full of secrets? In the middle of their disagreement over which one of them Ram liked the most, the mirror on the wall offered a solution. That night, after following the mirror’s plan, they all learned that there was only one thing Ram couldn’t live without.

लेखक प्रज्ञा सिंह
Author Pragya Singh



प्रज्ञा सिंह नेपाली बालसाहित्यको क्षेत्रमा युवा बालसाहित्यकारहरूको प्रतिनिधिका रुपमा रहेकी छिन् । व्यवस्थापनमा स्नातकोत्तर सुश्री सिंह बाल्यकालदेखिनै नेपाली बाल साहित्यमा अत्यधिक रुचि राख्नुका साथसाथै यस क्षेत्रमा उल्लेखनिय कार्य गर्ने तीव्र अनुराग उनमा रहेको छ ।

Ms. Pragya Singh, holds a Master’s degree in Business, and an upcoming writer in the field of children’s literature in Nepal. Passionate about children’s literature since an early age, she hopes to make significant contributions to Nepali children’s literature.

चित्राङ्कनकर्ता देवेन्द्र पाण्डे ‘देवेन’
Illustrator Dewendra Pandey 'Dewen'



देवेन्द्र पाण्डेले चित्रकलाको अध्ययन ललितकला क्याम्पस, त्रिभुवन विश्वविद्यालयबाट गरेका हुन । उनी कार्टुन कलामा देवेन नामले परिचित छन् ।राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका चित्रकला/पोष्टर प्रतियोगितामा १४ पटक भन्दा बढी प्रथम स्थान हासिल गरिसकेका उनी नेपालकै इतिहासमा पहिलो पटक त्रि-आयामिक शैलीका कार्ड डिजाइन प्रदर्शनी गरेर निकै प्रशंसा बटुलिसकेका छन । उनले ‘रूम टू रीड’ का अघिल्ला प्रकाशनहरुमा पनि चित्राङ्कन गरिसकेका छन् ।‘मिलीजुली’ पुस्तकका लागि नेपाल बाल साहित्य समाजबाट वि.सं २०६२ को उत्कृष्ट चित्राङ्कनकर्ताका रुपमा पुरस्कृत गरिएको थियो । हाल उनी प्रमुख चित्राङ्कनकर्ताका रूपमा ‘नागरिक’ दैनिक तथा ‘रिपब्लिका’ अंग्रेजी दैनिकमा कार्यरत छन् ।

Dewendra Pandey graduated with a Fine Arts degree from the Lalit Kala Campus, Tribhuwan University. Popularly known as Dewen, his specialty is designing posters. He has won many competitions for his poster work. To his credit, he also introduced three-dimensional card production in Nepal. He has illustrated many books, from children’s books to books on health awareness published in Nepali, Japanese and English. Recently, the Nepalese Society for Children’s Literature awarded him the “Best Illustrator Award 2062 B.S.” for his work on the book, *Milijuli*. Currently, he works as an illustrator for both the Nagarik Dainik and Republica English Daily.

Room to Read

शिक्षित बालबालिकाहरूबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ ।
World Change Starts with Educated Children.®

ISBN 9937-500-74-5
9 789937 500746